# आकाशवाणी समाचार- नेपाली

मितिः १७ दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमंत्री नरेंद्र मोदीलाई इथियोपियाको सर्वोच्च सम्मान **द ग्रेट ऑनर निशान ऑफ इथियोपिया**ले सम्मानित गरिएको छ।

- राष्ट्रपति द्रौपदी मुर्मु आज दिउसो हैदराबादको सिकंदराबादमा बोलारम स्थित राष्ट्रपति निलयम जानुहुनेछ।

- विदेश मंत्री सुब्रह्मण्यम जयशंकरले हिजो इस्राइलको येरूशलममा प्रधानमंत्री बेन्यामिन नेतन्याहूसित भेट गर्नुभयो।

- पारंपरिक चिकित्सामाथि **विश्व स्वास्थ्य संगठन**को दोस्रो वैश्विक सम्मेलन आज नयाँ दिल्लीमा शुरू हुनेछ ।

- भारत अनि दक्षिण अफ्रीका बीच चौथो टी-20 क्रिकेट मैच आज लखनऊमा हुनेछ।

**प्रधानमंत्री - इथियोपिया**

प्रधानमंत्री नरेंद्र मोदीलाई इथियोपियाको सर्वोच्च सम्मान **द ग्रेट ऑनर निशान ऑफ इथियोपिया**ले सम्मानित गरिएको छ। भारत अनि इथियोपिया बीच संबंधहरुलाई बलियो बनाउन अनि एक वैश्विक राजनेताको रूपमा श्री मोदीको दूरदर्शी नेतृत्वका लागि उहाँलाई यो सम्मान इथियोपियाका प्रधानमंत्री डॉ. अबी अहमद अलीले दिनुभएको हो। श्री मोदी अफ्रीकी देश इथियोपियाको दुइ दिने यात्रामा हुनुहुन्छ।

श्री मोदीले भन्नुभयो इथियोपिया विश्वको सबैभन्दा प्राचीन सभ्यताहरु मध्ये एक हो अनि यस सम्मान प्राप्त गर्नु उहाँका लागि गौरवको कुरा हो।

यस अघि, दुइ नेताहरुले द्विपक्षीय संबंधलाई रणनीतिक साझेदारीसम्म बढ़ाउने फैसला गरे। उहाँहरुले व्यापार अनि निवेश, नवाचार अनि प्रौद्योगिकी, शिक्षा, रक्षा, स्वास्थ्य, खाद्य सुरक्षा, कृषि, नवीकरणीय ऊर्जा अनि डिजिटल सार्वजनिक बुनियादी ढांचाको क्षेत्रमा द्विपक्षीय सहयोगको विस्तार गर्नेमा चर्चा गरे। दुइ नेताले दुइ देशका जन जनको संबंधले पोषित ऐतिहासिक संबंधलाई स्मरण गरे। यसका साथै क्षेत्रीय अनि वैश्विक घटनाक्रमहरुमा पनि विचारको आदान-प्रदान भयो।

बातचीत पछि, दुवै प्रधानमंत्रीले दुइ देश बीच धैरै क्षेत्रहरुमा समझौता ज्ञापनहरुको आदान-प्रदान गरे। दुवै देशले सीमा शुल्क कार्यमा प्रशासनिक सहायता, इथियोपियाको दूतावासमा डेटा सेंटरको स्थापना अनि संयुक्त राष्ट्र शांति स्थापनामा सहयोग बढ़ाउनेमाथि समझौता गरे।

यी समझौताहरुले मानिसहरुलाई असल सेवाहरु, सुचारू व्यापार अनि मजबूत सार्वजनिक प्रणालिहरुको माध्यमले लाभ पुग्नेछ। प्रधानमंत्री मोदीले भन्नुभयो समझौताले भारत-इथियोपिया संबंधलाई नयाँ ऊर्जा अनि गति प्रदान हुनेछ। उहाँले आतंकवाद बिरुद्ध अभियानमा भारतको समर्थनका लागि इथियोपियाई नेतृत्वलाई धन्यवाद दिनु भयो।

प्रधानमंत्रीले आज इथियोपियाको संसद सत्रलाई संबोधन गर्नु हुनेछ।

**प्रधानमंत्री ओमान**

प्रधानमंत्री नरेन्द्र मोदी तीन देशहरुको आफ्नो यात्राको अंतिम चरणमा ,जॉर्डन अनि इथियोपियापछि आज बेलुकी ओमान पुग्नु हुनेछ। उहाँको यस यात्रा ओमानको सुल्तान हैतम बिन तारिकको निमंत्रणमा भइरहेको छ। श्री मोदीको साथ एक

उच्चस्तरीय शिष्टमण्डल पनि ओमान पुग्ने छ। यस यात्रा अवधि दुइ देश बीच **व्यापक आर्थिक भागीदारी समझौता मा** हस्ताक्षर हुने संभावना छ। ओमानमा भारतका राजदूत जी.वी. श्रीनिवासली आकाशवाणीलाई जानकारी दिए अनुसार अन्य समझौताहरुमा पनि हस्ताक्षर हुन् सक्ने छ। यस समझौताको उद्देश्य दुइ देशको आर्थिक सम्बंधलाई मजबूत गर्नु हो।

**राष्ट्रपति-दक्षिण यात्रा**

राष्ट्रपति द्रौपदी मुर्मु आज दिउसो हैदराबादको सिकंदराबादमा बोलारम स्थित राष्ट्रपति निलयम जानुहुनेछ। उहाँ यहां 22 दिसंबरसम्म रहनुहुनेछ। राष्ट्रपति मुर्मुले 19 दिसंबर राज्य लोक सेवा आयोगका अध्यक्षहरुको राष्ट्रीय सम्मेलनको उद्घाटन गर्नुहुनेछ। उहाँ यस महीनाको 20 तारीख़ गाचीबावलीमा ब्रह्माकुमारीको एक आयोजनमा सामेल हुनुहुनेछ।
राष्ट्रपतिको यात्रालाई मध्यनजर प्रशासनले अलवाल र गाचीबावलीमा ड्रोन, पैराग्लाइडर अनि माइक्रो लाइट एयरक्राफ्टको संचालनमा प्रतिबंध लगाएको छ।

**राष्ट्रपति-तमिलनाडु यात्रा**

राष्ट्रपति द्रौपदी मुर्मुले आज तमिलनाडुको वेल्लूरमा श्रीपुरम स्वर्ण मंदिरमा पूजा-अर्चना गर्नु हुनेछ। उहाँ मंदिर परिसरमा **ध्यान मंडप**को उद्घाटन गर्नुहुनेछ अनि वृक्षारोपण गर्नुहुनेछ। राष्ट्रपति मुर्मु 22 दिसंबरसम्म कर्नाटक, तमिलनाडु अनि तेलंगाना सहित दक्षिणी राज्यहरुको एक सप्ताहको यात्रामा हुनुहुन्छ।

**जितेंद्र-भू-स्थानिक मिशन**

विज्ञान एवं प्रौद्योगिकी विभाग अंतर्गत भारतीय सर्वेक्षण विभागले हिजो दिल्लीको यशोभूमि परिसरमा भू-स्थानिक परितंत्रलाई सुदृढ़ गर्न राष्ट्रीय कार्यशाला "भू-स्थानिक मिशन: विकसित भारतको प्रवर्तक" को आयोजन गर्यो। यसको उद्घाटन केंद्रीय विज्ञान एवं प्रौद्योगिकी राज्य मंत्री (स्वतंत्र प्रभार) डॉ. जितेंद्र सिंह गर्नभयो। केंद्रीय बजट 2025-26 मा घोषित राष्ट्रीय भू-स्थानिक मिशन शहरी नियोजन, पर्यावरण निगरानी अनि अवसंरचना विकास जस्ता प्रमुख क्षेत्रहरुमा अत्याधुनिक भू-स्थानिक प्रौद्योगिकिहरुलाई एकीकृत गर्न प्रति सरकारको प्रतिबद्धतालाई दर्शाउद छ।

**जयशंकर- इस्रायल**

विदेश मंत्री सुब्रह्मण्यम जयशंकरले हिजो इस्राइलको येरूशलममा प्रधानमंत्री बेन्यामिन नेतन्याहूसित भेट गर्नुहुनेछ। सोशल मीडिया पोस्टमा उहाँले भन्नुभएको छ, दुइ पक्षले प्रौद्योगिकी, अर्थव्यवस्था, कौशल अनि प्रतिभा, संपर्क तथा सुरक्षाको क्षेत्रमा सहयोग बलियो गर्नेमा चर्चा भयो। डॉ. जयशंकरले क्षेत्रीय अनि वैश्विक मुद्दा माथि प्रधानमंत्री नेतन्याहूको दृष्टिकोणलाई महत्वपूर्ण बताउनु भयो।

विदेशमंत्रीले इस्राइल वित्त अनि उद्योग मंत्रीसित पनि बैठक गर्नुभयो। दुइ नेताहरुले निवेश अनि नवाचार सहयोगमाथि विचार-विमर्श गरे। डॉक्टर जयशंकरले भारत अनि इस्राइल बीच निशुल्क व्यापार समझौता चाडै सम्पन्न हुनेमा विश्वास व्यक्त गर्नुभयो।

**पारंपरिक चिकित्सा सम्मेलन**

पारंपरिक चिकित्सामाथि **विश्व स्वास्थ्य संगठन**को दोस्रो वैश्विक  सम्मेलन आज नयाँ दिल्लीमा शुरू हुनेछ । यसको आयोजन आयुष मंत्रालयसित मिलेर गरिंदै छ। तीन दिनको यस सम्मेलनमा बिस्वभरीका 170 भन्दा अधिक नीति निर्माता, वैज्ञानिक अनि चिकित्सक, समावेशी अनि टिकाऊ स्वास्थ्य प्रणालिहरुमा विचार-विमर्श गर्नेछ। सम्मेलनको उद्देश्य उपचारमा पारंपरिक चिकित्सा पद्धतिहरुको उपयोगलाई बढ़ावा दिनु हो|
पारंपरिक चिकित्सामा पहिलो वैश्विक सम्मेलन दुइ वर्ष अघि गुजरातको गांधीनगरमा आयोजित गरिएको थियो।

**रेल**

रेल मंत्रालयले यात्रिहरुको सुविधा बढ़ाउन, बुनियादी रेल ढांचालाई मजबूत गर्न, सफाई अनि रेल प्रचालनका लागि धेरै कदम उठाएको छ। जस अन्तर्गत 2019 मा **वंदे भारत एक्सप्रेस**को शुरुआत गरिएको थियो जसको संख्या बढेर 164 भएको छ । मेक इन इंडिया पहल अंतर्गत निर्माण भएको यी रेलगाड़ि स्वचालित दैलो, घूमने सीट, बायो-वैक्यूम शौचालय, जी.पी.एस. आधारित यात्री सूचना प्रणाली अनि सी.सी.टी.वी. कैमरा जडान छ।

यसै प्रकार, वर्तमानमा 26 सय भन्दा अधिक रेलवे स्टेशन सौर ऊर्जाले चालित छ। यसले वर्ष 2030 सम्म रेलवेलाई कार्बन उत्सर्जन रहित बनाउने लक्ष्यलाई प्राप्त गर्न मदद गर्नेछ।

रेलवेको इंजन निर्माण क्षमता पनि बढेको छ । बनारस लोकोमोटिव वर्क्सले हिजो स्वदेशमा निर्मित 300 हॉर्स पावरको छैटौ **एसी-एसी डीजल-इलेक्ट्रिक लोकोमोटिव** मोज़ाम्बिक पठाएको छ।

**<u>अमरीका - यात्रा प्रतिबंध</u>**

अमरीकाले पांच अन्य देशहरुलाई यात्रा प्रतिबंध लगाएको छ । जसमा बुर्किना फासो, माली, नाइजर, दक्षिणी सूडान अनि सीरिया सामेल छ। ट्रंप प्रशासनले 15 अन्य देशहरुमा आंशिक यात्रा प्रतिबंध पनि लागू गरेको छ। साथै फलस्तीनी यात्रा दस्तावेज़ले अमरीका यात्रामा पूर्ण प्रतिबंध लगाएको छ। यो प्रतिबंध अमरीकाको यात्रा गर्ने अनि त्यहा बस्ने इच्छा रखने दुवैमा लागू हुनेछ धेरै अन्य देशहरुमा नयाँ प्रतिबंध पनि लगाइएको छ।अमरीकाले यस निर्णय हालैमा दुइ नेशनल गार्ड सैनिकहरुमा गोलीबारीको मामिलामा एक अफगान नागरिकलाई पक्राउपछि गरिएको हो। ट्रंप प्रशासनले भनेको छ, जुन देशहरुमा यात्रा प्रतिबंध लगाइएको छ, त्यहा व्यापक भ्रष्टाचार, फर्जी नागरिक दस्तावेज अनि आपराधिक रिकॉर्डको समस्याहरुका कारण उनीहरुको नागरिकको जांच गर्न कठिन छ।अमरीकी प्रशासनले जूनमा 12 देशहरुमाथि प्रतिबंध लगाएको थियो।

**<u>क्रिकेट- भारत-दक्षिण अफ्रीका टी-20</u>**

भारत अनि दक्षिण अफ्रीका बीच चौथो टी-20 क्रिकेट मैच आज लखनऊमा बेलुकी 7 बजेदेखि शुरु हुनेछ। पांच मैचको टी-20 श्रृंखलामा भारत दुइ-एक ले अघि छ।

पांचौ अनि अन्तिम मैच शुक्रवार अहमदाबादमा खेलिने छ। ऑलराउंडर अक्षर पटेल अस्वस्थताका कारण यस श्रृंखलाबाट बाहिरीएका छन्। उनको स्थानमा शाहबाज अहमदलाई टीममा सामेल गरिएको छ।

****** o ******